## बैठक नं. ६१

आज मिति २०८२ साल चैत्र ८ गते आइतवार बिहान १०:०० बजे तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | कार्यपालिका सदस्य | श्री रिता पोखरेल | रिता | ९७४२८५४६४९ |
| ११ | कार्यपालिका सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | कार्यपालिका सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | कार्यपालिका सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |

| | | | | |
|---|---|---|---|---|
| १४ | कार्यपालिका सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | कार्यपालिका सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन दर्जी | | ९८५१२४९२०४ |

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्तावहरु:

१) कार्यपालिकाको ६० औ बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२) तपशिल बमोजिमका कार्यविधिहरु माथी छलफल सम्बन्धमा।

क.तामाकोशी गाँउपालिकाको गाउँसभा सचिवालय स्थापना तथा कार्यसंचालन कार्यविधि २०८२, ख. तामाकोशी गाउँपालिकाको बेरुजु फर्छ्यौट कार्यविधि २०८२, ग. तामाकोशी गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसंचालन कार्यविधि २०८२, घ. तामाकोशी गाउँपालिकाको कृषि सहुलीयतपूर्ण कर्जामा किसानहरुलाई व्याज अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८२, ङ.तामाकोशी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२

३) LGPAS सम्बन्धी छलफल सम्बन्धमा ।

४) गाउँपालिकाको प्रशासनिक भवन डिपीआर र गत बर्षको अन्य डिपीआरको भुक्तानी सम्बन्धमा ।

५) अन्य विविध विषयमा ।

निर्णय न.१: तामाकोशी गाउँपालिकाको ६० औ कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समीक्षा गरियो ।

निर्णय न.२: तामाकोशी गाँउपालिकाको गाउँसभा सचिवालय स्थापना तथा कार्यसंचालन कार्यविधि २०८२, तामाकोशी गाउँपालिकाको बेरुजु फर्छ्यौट कार्यविधि २०८२, तामाकोशी गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसंचालन कार्यविधि २०८२, तामाकोशी गाउँपालिकाको कृषि सहुलीयतपूर्ण कर्जामा किसानहरुलाई व्याज अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८२ पारित भएको निर्णय गरियो । साथै तामाकोशी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ स्वीकृत गरी आगामी गाउँसभामा पारितका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय न.३: स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली LGPASमा उल्लेख भएका सूचकहरु सम्बन्धी छलफल गरियो साथै सूचक अनुसार हाल सम्म भएका कार्यसम्पादनसँग सम्बन्धित कागजपत्र

Scanned with CamScanner

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत

प्रविष्टि गर्ने र आगामी दिनमा कार्यसम्पादनलाई सुधार गर्न सूचकहरुमा आधारित बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय न.४: श्री एम के इन्सिच्यूट अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी प्रा.लि. काठमाण्डौले सम्झौता बमोजिम तामाकोशी गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्बन्धमा प्रस्तुत र पेश गरेको स्ट्रकचरल प्लान, मास्टर प्लान र थ्री डी प्लान लगायत डिपीआर सम्वन्धी छलफल गरियो ।प्रशासकीय अधिकृत र योजना अधिकृतको कार्यकक्षको स्थान र नामाकरण ग्राउण्ड फ्लोरमा गर्ने, पार्किङ स्पेश बढाउने, व्याडमिन्टन कोर्ट नक्साङ्कन गर्ने र स्टाफ क्वाटर साथै वा एरियामा अध्यक्ष, उपाध्यक्ष निवास थप गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पूर्वाधार शाखाबाट स्वीकृत/ पारित गरी पेश गर्ने गरी स्वीकृत भएको निर्णय गरियो । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत तथा पारित भइ आएपछि यथासिघ्र ठेक्का आव्हान गर्ने र परामर्शदाताको सम्झौता भए बमोजिमको रकम रु १७,२५,६७९।– अक्षेरुपी रु सत्र लाख पच्चीस हजार छ सय उनासी रुपैया भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.५: गत आर्थिक बर्ष २०८१।०८२ मा सम्झौता भइ चालु आर्थिक वर्षमा डिपिआर प्राप्त भइ कार्यान्वयन समेत भइ ठेक्का आव्हान भएको श्रेष्ठ कन्सल्टयान्ट प्रा.लि. ललितपुरले पेश गरेको देवी प्रसाद न्यौपाने स्मृति भवन तथा पार्क निर्माण डिपीआरको रकम रु ३,७०,६४०।– अक्षेरुपी रु तीन लाख सत्तरी हजार छ सय चालिस रुपैया र इकोनोमिक भिजन प्रा.लि. कोटेश्वर काठमाणडौले पेश गरेको जाल्पादेवी आत्मारा हुदै देउराली गडी हल्लिनेढुँगा पदमार्ग निर्माण डिपीआरको रकम रु ७,४५,८००।– अक्षेरुपी रु सात लाख पैतालिस हजार आठ सय रुपैया भुक्तानी दिने निर्णय गरियो।

निर्णय न.६: मिति २०८२।१२।०६ गते विहान ८ बजे बसेको तामाकोशी गाउँपालिकाको विपद व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन भएको निर्णय गरियो ।

निर्णय न.७: तामाकोशी गाउँपालिका क्षेत्रभित्र जगगा प्लटिङ तथा खण्डीकरणको काम नभएको तथा आउने केही बर्षसम्म जगगा प्लटिङ तथा खण्डीकरणको संभावना नरहेको वेहोरा निर्णय गरियो ।

निर्णय न.८: पूर्व सुरक्षाकर्मी परिषद नेपाल दोलखा जिल्ला परिषदले २०८२।०९।२७ गते यस गाउँपालिका अन्तर्गत रहेको ऐतिहासिक देउराली गढीको प्रचार प्रसार तथा प्रवर्द्धन अभियान २०८२ कार्यक्रम संचालन गर्दा लागेको खर्च अन्तर्गत उक्त परिषदलाई रु ५० हजार र शिक्षा शाखामा कार्यरत कर्मचारी हिमाल कार्कीले पेश गरेको रु ४४ हजार उपयुक्त मिल्ने शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.९:जिरी भ्रमण बर्ष २०२५मा संचालित अन्तरपालिका शिक्षक भलिबल प्रतियोगितामा यस पालिकाबाट टिम सहभागी हुँदाको खर्च रु ४० हजार उपयुक्त मिल्ने शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.१०: तामाकोशी गाउँपालिकाको दुधमा अनुदान कार्यक्रम अन्तरगत यस गाउँपालिकाको डेरीहरु मार्फत दुध विक्री गरेका किसानहरुलाई अनुदान भुक्तानी दिन बाँकी आर्थिक बर्ष २०८०।०८१ को रु

Scanned with CamScanner

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत

५,४२,६३४।–र आर्थिक बर्ष २०८२।०८३ को कार्तिक महिना सम्मको रु १,८१,४४४।–गरी जम्मा रु ७,२४,०७८।–विनियोजित रकम रु ७ लाखबाट भुक्तानी दिने निर्णय गरियो साथै भुक्तानी दिन बाँकी रकम र असार मसान्तसम्म सिर्जना हुने दायित्व अर्को बैठकबाट बजेट व्यवस्था गरी भुक्तानी दिने समेत निर्णय गरियो ।

निर्णय न.११:तामाकोशी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना (RIAP), गरिबीको नक्साङ्कन गर्ने कार्य र न्यायिक समितिको संचालन सम्बन्धि सफ्टवेयर जडान गर्ने सम्बन्धी कार्यहरु विज्ञ परामर्शदाताहरु HIRE गरी गर्ने निर्णय गरियो ।

निर्णय न.१२: तामाकोशी १० शैयाको अस्पताल पूर्ण रुपमा संचालन गर्न आवश्यक स्वास्थ्य सामाग्रीहरु तथा उपकरणहरु, भेहिकलहरु र औषधीहरु उपलब्ध गराइ सहयोग गरिदिन सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारी काठमाण्डौलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय न.१३: तामाकोशी गाउँपालिका अन्तर्गत स्वीकृत दरबन्दी अनुसार रिक्त पदहरुमा करार सेवामा पदपूर्ति गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner